प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

**बालबालिकाप्रति अभिभावकको भूमिका**

- बालबालिकालाई निडर, सिपालु, सक्षम,योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
- बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण श्रृजना गरौं,
- उनीहरुलाई गाली गर्ने, डर देखाउने, अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
- बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं,
- उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभुति गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१६ ।। अङ्क : १३९ ॥ २०८१ असार १५ गते शनिबार (29th Jun 2024 Saturday) **Pratidin** National Daily मूल्य–रु.५/–

# झापाका धेरै विद्यालयको नतिजा शून्य

झापा(प्रस) । झापाका धेरै विद्यालयहरुको एसईई परीक्षाको नतिजा शून्य आएको छ। कचनकवल गाउँपालिकाका ४ , झापा गाउँपालिकाका २ , हल्दिवारी ,बाह्रदशी र शिवसताक्षीका एक-एकवटा विद्यालयको नतिजा शून्य आएको हो। अरु पालिकाको रिपोर्ट आउन बाँकी रहेको छ। आफ्ना कुनै पनि विद्यार्थीलाई उत्तीर्ण गराउन नसक्ने ती सबै सामुदायिक विद्यालय हुन् । सामुदायिक विद्यालयको शैक्षिक स्तर सुध्रिदै गएको भनिएपनि एसईईको यस वर्षको नतिजाले झापाका सामुदायिक विद्यालयको कमजोरीलाई अझ उजागर गरिदिएको छ।

कचनकवलका चार विद्यालयको एसईई नतिजा शून्य

झापा कचनकवलका चारवटा विद्यालयको एसईई नतिजा शून्य आएको छ । लक्ष्मी माध्यमिक विद्यालय , बुद्ध माध्यमिक विद्यालय , शिव माध्यमिक विद्यालय र जानकी माध्यमिक विद्यालयको नतिजा शून्य आएको हो। लक्ष्मी माध्यमिक विद्यालयबाट ९६,बुद्ध माध्यमिक विद्यालयबाट ११, शिव माध्यमिक विद्यालयबाट १३, जानकी माध्यमिक विद्यालयबाट ७ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । त्यस्तै मोती माध्यमिक विद्यालयबाट साधारण धारमा ३८ जना सहभागी भएकोमा सबैजना अनुत्तीर्ण भएका छन् । प्राविधिक धारमा भने १७ जना सहभागीमध्ये



मात्र २ जना उत्तीर्ण भएका छन् । त्यस्तै महेन्द्ररत्न माध्यमिक विद्यालयबाट २८ जना सहभागीमध्ये एकजना उत्तीर्ण ,लक्ष्मीप्रसाद देवकोटा माध्यमिक विद्यालयबाट ११५ जना सहभागीमध्ये १३ जना उत्तीर्ण , पथरिया माध्यमिक विद्यालयबाट ५५ जना सहभागीमध्ये १८ जना उत्तीर्ण ,जनता माध्यमिक विद्यालयबाट ३३ जना सहभागीमध्ये २२ उत्तीर्ण भएका छन् । त्यस्तै संस्थागततर्फ विद्यापाणी माध्यमिक विद्यालयबाट ३७ जना सहभागीमध्ये २२ जना उत्तीर्ण ,स्वर्णिम शिक्षा सदनबाट २० जना सहभागीमध्ये ९ जना उत्तीर्ण ,विद्यानिकेतन माध्यमिक विद्यालयबाट ३७ जना सहभागीमध्ये २४ जना उत्तीर्ण ,कचनकवल विद्या मन्दिरबाट २४ जना सहभागीमध्ये १८ उत्तीर्ण ,गोल्डेन फ्युचर माध्यमिक विद्यालयबाट १२ जना सहभागीमध्ये ९ उत्तीर्ण र साउथदिप माध्यमिक विद्यालयबाट १० जना सहभागीमध्ये १० जना नै उत्तीर्ण भएका छन् । कचनकवलका १५ वटा विद्यालयबाट जम्मा ५५३ विद्यार्थीले परीक्षा दिएकोमा १४८ जना उत्तीर्ण भएका छन्। कचनकवल गाउँपालिकाभित्र ९ वटा सामुदायिक र ६ वटा संस्थागत विद्यालय माध्यमिक तहसम्म सञ्चालित छन्।

शिवसताक्षीको शुक्र माविको परीक्षाफल शून्य

शिवसताक्षी नगरपालिकाको एउटा सामुदायिक विद्यालयको एसईई परीक्षाको नतिजा शून्य आएको छ।

चन्द्रडाँगीको शुक्र माविको परीक्षाफल शून्य आएको हो । शिवसताक्षी-७ को सो विद्यालयबाट एसईईमा २० जना परीक्षार्थी सहभागी थिए ।

त्यस्तै, जनआदर्श मावि शिवगञ्जबाट एकजना मात्र परीक्षार्थी उत्तीर्ण भएका छन् । ५१ जना सहभागीमध्ये ५० जना अनुत्तीर्ण भएका छन् । जनआदर्श नगरको एक मात्र नमुना विद्यालय हो । जनआदर्श माध्यमिक विद्यालय ४ वर्षदेखि नमुना विद्यालयको रूपमा सञ्चालित छ। नेपाल सरकारले एक स्थानीय तहमा नमुना विद्यालय प्रस्ताव गरेपछि विभिन्न कार्यक्रमहरू सो विद्यालयमा सञ्चालन हुने गरेको छ।पहिलो वर्ष १ करोड ५० लाख,दोस्रो वर्ष १ करोड ३५ लाख र तेस्रो वर्ष एक करोड ५० रुपैयाँ नेपाल सरकारले त्यस विद्यालयमा लगानी गरेको छ ।

लालपानी मावि लालपानीबाट दुईजना मात्र उत्तीर्ण भएका छन् । सो विद्यालयबाट एसईईमा ३४ जना सहभागी भएकामध्ये ३३ जना अनुत्तीर्ण भए ।

❖ बाँकी अन्तिम पृष्ठमा

# सन्थाल समुदायका विद्यार्थी एसईईमा उत्कृष्ट

बिर्तामोड(प्रस) । यस वर्षको एसईई परीक्षामा सीमान्तकृत सन्थाल समुदायका विद्यार्थीहरुले पनि राम्रो नतिजा ल्याएका छन् । झापाको बाह्रदशी गाउँपालिकामा रहेको गौरीशंकर माविका छात्र टेकनाथ सोरेनले सीमान्तकृत सन्थाल समुदायबाट एसईईकै इतिहासमा उच्च अंक ल्याएका छन् । २०६४ साउन ३० गते जन्मिएका सोरेनले २०८० को एसईईमा ३.८२ जीपीए अंक ल्याएको विद्यालयका प्रधानाध्यापक लेखनाथ कटुवालले जानकारी दिए। सोरेन विद्यालयका अनुशासित, मेहनती र नियमित विद्यालय आउने विद्यार्थी भएको कटुवालले बताए । बाह्रदशी-६ डाँगीबारीका सोरेनका बुवा राजिन्दर र आमा उषा सामान्य खेतीपाति र अर्काको ज्यालादारीमा काम गर्दै आएका छन् ।

त्यस्तै गौरीगञ्ज गाउँपालिकाभित्रका ४ वटा सामुदायिक विद्यालयमध्ये खजुरगाछी माविकी पार्वती हास्दाले सबैभन्दा उत्कृष्ट अंक ल्याएकी छन्। उनले यस वर्षको एसईई परीक्षामा ३.५१ जीपीए ल्याएर सामुदायिक विद्यालयतर्फ सबैभन्दा उत्कृष्ट अंक ल्याउन सफल भएकी हुन्। झापा, मोरङ र सुनसरीमा बसोबास रहँदै आएको सन्थाल समुदायको २०७८ को जनगणनाअनुसार ५७ हजार ३१० जनसंख्या रहेको छ।

# धारिलो हतियार प्रहार गरी बृद्धाको हत्या

झापा(प्रस)। झापाको भद्रपुर नगरपालिका वडा नं २ डिगाउँमा धारिलो हतियार प्रहार गरी एकजनाको हत्या भएको छ ।

शुक्रवार दिउँसो ३:३० बजेको समयमा भद्रपुर नगरपालिका वडा नं. २ डिगाउँमा सोही ठाउँ बस्ने ७० वर्षीया गौरीमाया तामाङ्लाई स्थानीय अन्दाजी बर्ष ३५-४० का राजेश तामाङ्ले धारिलो हरियार सिक्कल प्रहार गरी हत्या गरेका हुन् ।

गौरीमायाकै घरमा गई राजेशले धारिलो हरियार प्रहार गरेका थिए । उनले सिक्कलले घाँटीको दाहिने भागमा प्रहार गर्दा गौरीमायाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। धारिलो हतियार प्रहार गर्ने राजेशलाई खेतवारीमा लुकिछिपि बसेको अवस्थामा पक्राउ गरी इलाका प्रहरी कार्यालय पृथ्वीनगरले नियन्त्रणमा लिएको छ । उनलाई जिल्ला प्रहरी कार्यालय लगिएको छ।हत्या गर्नुको कारण खुल्न सकेको छैन । राजेशको मानसिक अवस्था ठिक नभएको स्थानीयको भनाई छ।

# बिर्तामोडमा सबैभन्दा बढी डेङ्गुको जोखिम

झापा(प्रस) । झापाका १५ पालिकामध्ये सबैभन्दा बढी डेङ्गुको जोखिम बिर्तामोडमा देखिएको छ। बाक्लो जनघनत्व र धेरै ग्यारेज भएको बिर्तामोडमा सबैभन्दा बढी डेङ्गु संक्रमित देखिएका हुन्। २०८० साउनदेखि हालसम्म झापामा ३ हजार ८८५ जनामा डेङ्गु संक्रमण देखिएकोमा १५३९ जना संक्रमित बिर्तामोडका रहेका छन् ।त्यस्तै डेङ्गु संक्रमणबाट तीनजनाको मृत्यु भएकोमा तीनैजना बिर्तामोडका हुन्। स्वास्थ्य कार्यालय झापाका अनुसार बिर्तामोडपछि दमकमा १४४९ जना डेङ्गु संक्रमित भेटिएका छन्। त्यस्तै मेचीनगरमा १६२ जना , बुद्धशान्तिमा ३९ , अर्जुनधारामा १०४ , कन्काईमा १२२ , शिवसताक्षीमा ३६ , कमलमा २७ , गौरादहमा १८ , गौरीगञ्जमा १५ , झापा गापामा ३६ ,बाह्रदशीमा ९ , हल्दिवारीमा १५८ , भद्रपुरमा ११० र कचनकवलमा एकजना डेङ्गु संक्रमित भेटिएको स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन युवनाथ बरालले बताए। स्वास्थ्य कार्यालय झापाद्वारा शुक्रवार बिर्तामोड १ मा आयोजित डेङ्गु रोग नियन्त्रणसम्बन्धी अभिमुखीकरण तथा लामखुट्टेको लार्भा खोज र नष्ट गर कार्यक्रममा बोल्दै ल्याव टेक्निसियन निरीक्षक बरालले वर्षायाम शुरु भएकाले झापामा डेङ्गुको प्रकोप देखा पर्न थालिसकेको जानकारी दिए। उनले विषादी छर्किनुभन्दा लार्भा खोजेर नष्ट गर्नु नै प्रभावकारी उपाय भएको बताए। किटजन्य रोगमध्ये सबैभन्दा बढी खतरनाक डेङ्गु भएकाले रोकथामका उपाय अवलम्बन गर्न आग्रह गरे। एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ। त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ,आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाउँहरूमा पानी जम्न नदिने, पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने, दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ,घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ,बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने, पूरै शरीर ढाक्ने लुगा लगाउने ,पानी राख्ने भाँडाहरू जस्तै ट्याांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राख्ने साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गर्ने ,काम नलाग्ने र पानी भरिन सक्ने सामानहरू जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरू पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ,कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी ट्याांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गर्ने उपायका बारेमा बरालले जानकारी दिएका थिए। बिर्तामोड

❖ बाँकी अन्तिम पृष्ठमा

# सिटी सफारीको ठक्करबाट छोरीको मृत्यु ,आमा घाइते

झापा(प्रस)। झापाको दमकमा सिटीसफारीको ठक्करबाट छोरीको मृत्यु भएको छ भने आमा घाइते भएकी छन् । शुक्रवार दिउँसो १.४५बजेको समयमा दमक नगरपालिका वडा नम्बर १ बरगाछीस्थित भित्री पक्की सडकखण्डमा श्रीपाली टोलबाट बेलडाँगीतर्फ जाँदै गरेको मे १ ह ६४०९ नम्बरको सिटी सफारीले पैदलयात्री काठमाडौ घर भई हाल दमक नगरपालिका वडा न.१मा डेरा गरी बस्ने २४ वर्षीया शर्मिला लिम्बू (मगर) र उनका छोरी २ वर्षीया आरुसी मगरलाई ठक्कर दिएको थियो । दुवैलाई उपचारको लागि दमकको लाईफलाईन अस्पताल दमक लगिएकोमा उपचारको क्रममा दिउँसो २ बजे आरुसी मगरको मृत्यु भएको हो । हात खुट्टामा सामान्य चोट लागेकी शर्मिलाको लिम्बूको उपचार भइरहेको छ। बालिकाको शव सोही अस्पतालमा रहेको छ। , नाम, थर, वतन नखुलेका सिटी चालक फरार रहेकाले खोजतलास भइरहेको र सिटी सफारी इलाका प्रहरी कार्यालय दमकमा ल्याई राखेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। मृतक बालिकाका बुवा अजय मगर बारा जिल्ला ४० नम्बर गणमा कार्यरत सशस्त्र प्रहरी जवान भएको बताइएको छ।

# मोरङबाट आठ जनाले प्राप्त गरे ४ जीपीए

झापा(प्रस) । राष्ट्रिय परीक्षा बोर्डले गत चैतमा लिएको एसइई परीक्षामा मोरङ जिल्लाबाट आठ जना विद्यार्थीले उत्कृष्ट नतिजा ४ जीपीए प्राप्त गरेका छन् । अहिलेसम्म प्राप्त विवरणअनुसार विराटनगरस्थित एभरेस्ट स्कुलबाट परीक्षा दिएका तीन जना विद्यार्थीहरूले ४ जीपीए ल्याएका छन् । विराटनगरका तीन विद्यालयहरूले ४ जीपीए प्राप्त गर्न सफल भएका छन् भने विराटनगर बाहिर पथरी नगरपालिकाबाट दुई र उर्लाबारीबाट एक जना विद्यार्थीले ४ जीपीए प्राप्त गरेको शिक्षा विकास तथा समन्वय इकाई मोरङले जानकारी दिएको छ । विराटनगरको एभरेस्ट स्कुलका कृतक्ष दाहाल, राजकुमार साह र सुब्रत बराल, सगरमाथा स्कुलकी प्रतिभा रौनियार, बुढानीलकण्ठ स्कुलकी सिरिन भट्टराईले ४ जीपीए प्राप्त गरेका छन् ।



यसै गरी पथरी नगरपालिकामा सञ्चालित रेड स्टार स्कुलबाट परीक्षा दिएका अजय लिम्बू र सतिस आचार्य र उर्लाबारीस्थित पशुपति आवासीय माध्यमिक विद्यालयकी अन्वेशा बस्नेतले ४ जीपीए प्राप्त गरेका हुन् । बिहीबार प्रकाशित नतिजामा नेपालभरबाट १८६ जनाले ४ जीपीए ल्याउँदा मोरङका आठ जना विद्यार्थीले उक्त नतिजा प्राप्त गरेका हुन् ।

विराटनगरस्थित एभरेस्ट स्कुलबाट परीक्षा दिएका शतप्रतिशत विद्यार्थी उत्तीर्ण भएको र कोशी प्रदेशमा उत्कृष्ट नजिता प्राप्त गर्न सफल भएको प्रिन्सिपल टिकाराम पुरीले दाबी गरे । पुरी निजी प्याब्सनका पूर्व केन्द्रीय अध्यक्ष हुन् । यसैगरी उत्कृष्ट नतिजा प्राप्त गर्नेमा सामुदायिक विद्यालयहरूले पनि राम्रो प्रतिस्पर्धा गरेका छन् । विराटनगरमा सञ्चालित दुई विद्यालयले उत्कृष्ट नतिजा प्राप्त गरेका हुन् । अन्य विद्यालयहरूको नतिजा पनि सन्तोषजनक नै रहेको देखिएको छ । विराटनगरको आदर्श माध्यमिक विद्यालयबाट परीक्षा दिएका ९३.३७ प्रतिशत विद्यार्थी उत्तीर्ण भए । त्यसमध्ये एक जना विद्यार्थीले ३.९५ जीपीए प्राप्त गरेको विद्यालयले जनाएको छ । आदर्शबाट ३७८ जना विद्यार्थी परीक्षामा सामेल भएकोमा ४१ जनाले ३.६ भन्दा माथिल्लो र ११२ जनाले ३.६ सम्मको जीपीए प्राप्त गरेको विद्यालयले जानकारी दिएको छ ।

यसैगरी पोखरीया माध्यमिक विद्यालयबाट परीक्षा दिएका ८९.३७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । पोखरियाबाट ४३३ जना विद्यार्थी एसइई परीक्षामा सामेल भएकोमा ५३ जनाले ३.६ भन्दा माथिल्लो जीपीए प्राप्त गरेका छन् ।

मोरङमा १७ हजार २७७ जना विद्यार्थी परीक्षामा सहभागी भएकामा ९ हजार २१७ जना विद्यार्थी उत्तीर्ण भएको शिक्षा समन्वय इकाई मोरङले जनाएको छ ।



# सडक बन्द गर्न नगर प्रमुख र वडाध्यक्ष आफै उत्रिए

झापा(प्रस) । चार लेनको कालोपत्रे सडक निर्माणमा ढिलासुस्ती भएको भन्दै जनप्रतिनिधि र स्थानीयले झापाको सदरमुकाम जोड्ने सडकखण्ड बन्द गराएका छन्। बिर्तामोड-भद्रपुर सडकखण्डअन्तर्गत भद्रपुरतर्फको कालोपत्रे सडक निर्माण कार्यप्रति सम्बन्धित निकायले चासो नदेखाएपछि दबाबस्वरूप भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेल, वडा अध्यक्षहरू अभिषेक ढुङ्गाना, टेकबहादुर खडका (काजी)सहित स्थानीयहरुले सडक बन्द गराएका हुन्। उनीहरूले भद्रपुरको चन्द्रगढीस्थित लेखनाथ चोकमा शुक्रबार बिहान ८ बजेदेखि करिब ६ घण्टासम्म बाँस तेर्स्याएर सडक बन्द गराएका थिए। जिल्लाकै सदरमुकाम जोडने मुख्य सडक बन्द हुँदा सवार ीसाधनहरू वैकल्पिक बाटो प्रयोग गर्न बाध्य भए। सडक निर्माणमा ढिलासुस्ती हुँदा हिउँदमा धुलो र अहिले वर्षायाममा हिलाम्मे सडक कारण जनताले सास्ती झेल्दै आइरहेको छ। सो सडकअन्तर्गत भद्रपुरको देउनियाँ पुलदेखि लेखनाथ चोक हुँदै भैरव चोकसम्म चार लेनको सडकको ठेक्का लागेपनि अझै काम सुरु नभएपछि सडक बन्द गरेर विरोधमा उत्रिनु परेको स्थानीय सन्तोष घिमिरेले बताए।

ठेक्का लागिसकेको चार लेनको सडकमा पर्याप्त बजेट नपठाउँदा निर्माण कार्यमा ढिलासुस्ती भएको भन्दै संघीय सरकारलाई दबाब दिन स्थानीयले बन्द गरेको सडकमा नगरपालिकाले ऐक्यबद्धता जनाएको भद्रपुर नगर प्रमुख पोखरेलले बताए। 'खाल्डाखुल्डीका कारण यो सडकमा हिड्ने अवस्था नै छैन। दुर्घटनाको जोखिम पनि त्यतिकै छ। सम्बन्धित पक्षलाई सिडिओ कार्यालयमा बोलाएर पटक पटक भद्रपुरतर्फको पनि सडक विस्तारका लागि छलफल चलाएका थियौँ। हाल भत्किएका सडक मर्मत सम्भार गरी हिंड्ने अवस्था बनाइदिनु पर्‍यो भनी पनि भन्यौं,' नगर प्रमुख पोखरेलले भने, 'त्यति गर्दा पनि सुनुवाइ नभएपछि स्थानीयसँगको सहकार्यमा सडक बन्दमा उत्रिनु पर्‍यो।'

निर्माण कम्पनीले बिर्तामोडतर्फ मात्र सडक बनाइरहेको छ। भद्रपुरको देउनियाँपूर्व अहिलेसम्म सडक विस्तारको काम नै सुरु गरेको छैन। सो सडकखण्डको काम छिटोभन्दा छिटो सुरु गराउन पनि सडकमा उत्रिनु परेको उनको भनाई छ। सो सडक निर्माणको ठेक्का काठमाडौंको कन्टेक प्रालिले करिब ६० करोड रुपैयाँमा लिएको हो। २०७७ माघ ६ गते ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले ३० महिनामा काम सम्पन्न गर्नुपर्ने सम्झौता रहेको थियो। सो अवधिमा कम्पनीले बिर्तामोड क्षेत्रमा मात्र काम गरिरहेको छ। दुई पटक म्याद थप गरिसकेको निर्माण कम्पनीले ४० प्रतिशत मात्र काम सम्पन्न गरेको सडक डिभिजन कार्यालय दमकका प्रमुख सुरेश पौडेलले बताए। २०८१ पुस मसान्तसम्म काम सम्पन्न गरी म्याद थप गरेको बताउँदै सडक डिभिजन प्रमुख पौडेलले भने, 'सो अवधिभित्र काम सम्पन्न नभए फेरि म्याद थप हुँदैन, त्यसपछि कानुनी प्रक्रिया अघि बढाउँछौं।'

करिब ८ किलोमिटर सडक दुई चरण गरी काम अघि बढाइएको हो। पहिलो चरण बिर्तामोड क्षेत्रमा ५ किलोमिटर र त्यसपछि भद्रपुर क्षेत्रमा ३ किलोमिटर काम गर्नुपर्ने हुन्छ। 'अहिले बिर्तामोडतर्फको काम भइरहेको छ। असार अगावै एकतर्फी कालोपत्रे गरिन्छ,' डिभिजन प्रमुख पौडेलले भने, 'आगामी वर्ष भद्रपुरतर्फको कामको सुरुवात हुन्छ।'

भद्रपुरको लेखनाथ चोकमा ३०० मिटर सडकमा समस्या देखिएको छ। त्यहाँका घरधनीले सर्वोच्चमा मुद्दा हालेको छ। अरूतिर समस्या छैन। आउँदो वर्ष त्यहाँको कामले तीव्रता पाउने उनको भनाइ छ। स्थानीयले बन्द गरेको सडक खुलिसकेको बताउँदै उनले भने, 'शनिवारदेखि सो सडकमा मर्मत सम्भारको काम गरिन्छ, त्यसका लागि निर्माण कम्पनीलाई भनिसकेका छौं।'

# एक जनाको शव भेटियो, अर्काको खोजी जारी

झापा(प्रस) ।झापाको गौरीगञ्जमा खोलामा डुबेर बेपत्ता एकजनाको शव भेटिएको छ भने अर्काको खोजी कार्य जारी छ ।

बिहीवार दिउँसो ४ बजे गौरीगञ्ज वडा न.१ ढेबुवस्ती निवासी ४० वर्षीय लुखीराम मुर्मू वडा न. १ स्थित कमल खोला तर्ने क्रममा खोलाले बगाउँदा बेपता भएका थिए । बेपता भएको दिनदेखि सशस्त्र प्रहरी , नेपाल प्रहरी र स्थानीयवासीको सहयोगमा खोजी कार्य जारी रहेको थियो ।
शुक्रवार बिहान ८:५ बजे उनी मृत फेला परेका छन। बेपत्ता भएको स्थानबाट केही पर खोलामा घोप्टो परेको अवस्थामा उनको शब फेला परेको र पोस्टमार्टमका लागि लैजाने तयारी गरिएको वडा न.१ का अध्यक्ष कार्तिकलाल राजवंशीले बताए ।
त्यसैगरी बुधबार साँझदेखि बनियानी खोलामा हराएका बालक मिलन बिक अझै फेला नपरेको प्रहरीले जनाएको छ । उनको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ । गौरीगञ्ज वडा नं १ स्थित कमल बनियानी खोलाले बगाउँदा वडा नं १ झोलुंगे टोलका वेद बिकका १३ बर्षिय छोरा मिलन बिक बेपत्ता भएका हुन् ।

## झापाका...

नगरका एक प्राविधिकसहित १३ वटा माध्यमिक विद्यालयका विद्यार्थीले २०८० को एसईई दिएका थिए । नगरका १३ वटा विद्यालयबाट ६७० विद्यार्थीले एसईई दिएकोमा २०९ जना उत्तीर्ण भएका छन् ।
सबैभन्दा उत्कृष्ट नतिजा राष्ट्रिय रमणीय आदर्श माविले ल्याएको छ । सो विद्यालयबाट ९४ जना विद्यार्थी सहभागी भएकोमा ६० जना अर्थात ६३. ८३ प्रतिशत उत्तीर्ण भएका छन् ।

त्यस्तै, लक्ष्मीनारायण मावि धरमपुरबाट ४० जना सहभागीमध्ये १८ जना, भानु मावि लालझोडाबाट ८५ जना सहभागीमध्ये ३७ जना, भगवती मावि, ब्याङडाँडाबाट ६२ जना सहभागीमध्ये २२ जना, बालनिकुञ्ज मावि आँपटारी माइधारबाट ८२ जना सहभागीमध्ये २८ जना उत्तीर्ण भएका छन् ।
त्रिभुवन मावि पाँचगाछीबाट ५२ जना सहभागीमध्ये १३ जना, मोती मावि, मंगलबारे धरमपुरबाट ४७ जना सहभागीमध्ये ९ जना, झिलझिले मावि, झिलझिलेबाट ५९ जना सहभागीमध्ये ११ जना, भानु मावि पाराबारी धरमपुरबाट ४४ जना सहभागीमध्ये ८ जना उत्तीर्ण भएका छन् ।
हल्दिवारीको सरस्वती माविको नतिजा निल
यस वर्षको एसईई परीक्षामा हल्दिवारीको सरस्वती माध्यमिक विद्यालयको नतिजा निल भएको छ। हल्दिवारीका ६ सामुदायिक र ५ संस्थागत विद्यालय गरी ११ वटा विद्यालय एसईई परीक्षामा सहभागी भएकोमा सरस्वती माविको नतिजा निल भएको हो । सो विद्यालयबाट २० जना विद्यार्थी परीक्षामा सहभागी भएकोमा सबैजना अनुत्तीर्ण भएका छन् । त्यस्तै हल्दीवारी माविका तर्फबाट साधारण धारमा ११९ र प्राविधिक धारमा २१ गरी १४० जना विद्यार्थीले परीक्षा दिएकोमा साधारण धारमा २३ र प्राविधिक धारमा २० जना उत्तीर्ण भएका छन् । हल्दिवारी मावि नमुना माविको रुपमा संचालित छ । त्यस विद्यालयको प्राविधिक धारतर्फ राम्रो नतिजा आएपनि साधारण धारतर्फ नतिजा खस्किएको छ । त्यस्तै महेन्द्र माविबाट ४५ जना सहभागीमध्ये ८ जना , पंचायत माविबाट १९ जना सहभागीमध्ये ३ जना , लक्ष्मी माविबाट ३६ जना सहभागीमध्ये १२ जना , जनजागृति माविबाट ९३ जना सहभागीमध्ये ३० जनामात्र उत्तीर्ण भएका छन् । त्यस्तै संस्थागततर्फ क्यानरी एकेडेमीबाट २३ जना सहभागीमध्ये १८ जना , सिग्मा स्कुलबाट ३४ जना सहभागीमध्ये ३१ जना , सनसाइन स्कुलबाट१६ जना सहभागीमध्ये १५ जना , चिल्ड्रेन गार्डेनबाट २९ जना सहभागीमध्ये १७ जना र चिल्ड्रेन एकेडेमीबाट २९ जना सहभागीमध्ये १९ जना उत्तीर्ण भएका छन् । हल्दीवारीमा जम्मा ४८४ जना विद्यार्थी एसईईमा सहभागी भएकोमा १९६ जना उत्तीर्ण भएका छन् । जुन ४०.४९ प्रतिशत हो । संस्थागत विद्यालयहरुले राम्रो नतिजा ल्याएपनि सामुदायिक विद्यालयको शैक्षिक स्तर कमजोर देखिएको छ । हल्दिवारी गाउँपालिकाले शिक्षा क्षेत्रमा ठूलो लगानी गरेको छ । शिक्षकहरुले पढाए-नपढाएको र विद्यार्थीहरुले पढे-नपढेको निगरानी गर्न गत वर्ष सबै सामुदायिक विद्यालयमा सीसीटीभी क्यामेरा जडान गरिएको थियो ।

प्राविधिक धारतर्फ भानु मावि लालझोडाबाट ४७ जना सहभागीमध्ये ३७ जना उत्तीर्ण भएका छन् । शिवसताक्षीमा सबैभन्दा बढी पाँचवटा माध्यमिक विद्यालय वडा नम्बर ५ मा रहेका छन् । झापा गापाका दुईवटा विद्यालय निल
राष्ट्रिय परीक्षा बोर्डले एसईई परीक्षाको नतिजा प्रकाशित गरेपछि झापा गाउँपालिकाका सामुदायिक विद्यालयहरुको होस नै उडेको छ ।
सामुदायिक विद्यालयमा नाम मात्रको पढाई हुन्छ भन्ने कुरा अझ प्रस्ट भएको छ । यसअघि गत महिना प्रकाशित कक्षा ८ को परीक्षाफलले कुनै पनि सामुदायिक विद्यालयले सन्तोषजनक नतिजा ल्याउन नसकेको देखाएको थियो । एसईईमा समेत सामुदायिक विद्यालयहरुले शैक्षिक स्तर सुधार्न सकेनन् । एसईई परीक्षामा पालिकाभरिका सामुदायिक विद्यालयहरुले निराशाजनक नतिजा ल्याएका छन् । झापा गाउँपालिकामा ५ वटा माविस्तरका सामुदायिक विद्यालयहरु रहेका छन् । त्यहाँ कक्षा १ देखि १२ सम्मको अध्यापन हुन्छ । झापा गाउँपालिकाले शिक्षा क्षेत्रमा अरु पालिकाको तुलनामा धेरै नै लगानी गरेको देखिएको छ तर, लगानी बालुवामा पानी हालेजस्तो छ ।
झापा गाउँपालिकाको शिक्षा शाखाले विद्यालयहरुबाट प्राप्त जानकारीका आधारमा गाउँपालिकाभरिका विद्यालयहरुको नतिजा सार्वजनिक गरेको छ । सामुदायिक विद्यालयतर्फ डिल्लीराज माविमा १२२ जना विद्यार्थीमा २ जना उत्तीर्ण , जनता माविमा १०५ जनामा ३ जना उत्तीर्ण , जनकल्याण माविमा ४० जनामा ४० जना नै अनुत्तीर्ण , कुवाडी देवी माविमा ५६ जनामा १ जना उत्तीर्ण , महेन्द्र माविमा ३४ जनामा ३४ जना नै अनुत्तीर्ण भएका छन् ।
तर,संस्थागत विद्यालयमा एसईईको नतिजा भने सन्तोषजनक देखिएको छ । झापा गाउँपालिकामा मावि स्तरका ७ वटा संस्थागत विद्यालय रहेका छन् । चन्द्रज्योति माविमा ३३ जना विद्यार्थीमा ३० जना उत्तीर्ण , जय पाथिभरा माविमा ३६ जनामा ३० जना उत्तीर्ण , साउथ होराईजन १६ जनामा ९ जना उत्तीर्ण , गौतम बुद्ध माविमा ६ जनामा ६ जना नै उत्तीर्ण , टाईनी टटस् माविमा १५ जनामा ४ जना उत्तीर्ण , वण्डर लाईफ माविमा ८ जनामा ४ जना उत्तीर्ण र सेन्ट जेवियर्स सडकवारी माविमा ३१ जनामा १५ जना उत्तीर्ण भएका छन् ।

## बिर्तामोडमा...

१ का वडाध्यक्ष अग्निप्रसाद पाण्डेको अध्यक्षतामा भएको अभिमुखीकरण कार्यक्रममा वडा सदस्यहरु युगचन्द्र आङबोहाङ, टेकबहादुर अधिकारी , वडा सचिव टीका अधिकारी , पार्टी प्रतिनिधि ,विभिन्न टोल विकास संस्थाका प्रतिनिधि , स्वास्थ्य स्वयंसेविका , सुरक्षाकर्मी ,संचारकर्मीलगायतको सहभागिता रहेको थियो । अभिमुखीकरण कार्यक्रमपछि जनप्रतिनिधिसहितको टोलीले वडा कार्यालय छेउछाउमा जमेको पानीमा लार्भा खोजी गरी नष्ट गरेको थियो ।


## बालबालिकाप्रति असल व्यवहार गरौं

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरुको कुरा ध्यान दिएर सुनौं,
- उनीहरुको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरुलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
- उनीहरुको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश


### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री तृप्ती लामा को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. ६ बस्ने श्री मनवर आलमले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाणपत्र अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ६ | १८०० ०८१ | ८९२ | १६९. ३१ | २०८०/ ०८ /२९ | २०८१/ ०२ /०८ | २०८१/ ०२/३१ |

### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार उत्तरः श्री ज्ञान बहादुर बुढाथोकी, तिलक बुढाथोकी को नाममा जारी गरिएको ।

साविक गरामनी गाविस वडा नं. ८ हाल बिर्तामोड नगरपालिका, वडा नं. ९ बस्ने श्री काजी बहादुर बुढाथोकीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ९ | १७९० २०, १७९० ०२४० | १४७ | २२८६. ०० | २०८१/ ०१ /२६ | २०८१/ ०१ /२७ | २०८१/ ०३/०६ |




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# असार १५ को नौटंकी

**विगतका केही वर्षदेखि असार १५ ले किसानलाई हौसला दिनुको साटो अपमान गर्न थालेको छ। असार १५ ले नयाँ पाखण्ड गर्ने अवसर जुटाइदिएको छ। यी पाखण्ड कृषिकर्म तथा किसानको अपमान गर्ने खालका हुने गरेका छन्। अपवादको रूपमा केही राम्रा कार्यक्रम नभएका पनि होइनन्, तर ती नगण्य नै छन्। गैरसरकारी संस्थाहरू नेपालको मौलिकता अनि रैथाने पद्धति मास्न दत्तचित्त छन्। यसका उदाहरणहरू हुन् हात धुने दिवस, मुख पुछ्ने दिवसजस्ता महत्वहीन दिवसहरू। राष्ट्रवादको नाममा राष्ट्रिय भ्रान्तिवादका नसाले लठ्ठ पारेकाहरूको सनकले हो वा नेपालको मौलिक चलनमा चोट गर्ने गैससका कदमको रूपमा हो- असार १५ राष्ट्रिय धान दिवस भएको छ।**

**कोही–कोही यसलाई दहीचिउरा दिवस पनि भन्न पछि परेका छैनन्। असार १५ को के चलन हो ? किन यो विशेष दिन भयो सम्भवत: धेरैलाई थाहा छैन। मध्यअसार अर्थात् असार १५ गते पहाडी क्षेत्रमा किसानको निमित्त सबैभन्दा चटारोको दिन हो, बेफुर्सदीको दिन हो। सामान्यतया असारको २०–२५ पछिको रोपोले फस्टाउने समय पाउँदैन। गाँज हाल्न नसक्ने हुनाले उत्पादन घट्न थाल्छ। त्यसैले असार १५ सबैभन्दा बेफुर्सदीको मात्र नभएर तनावयुक्त दिन पनि हो। यो तनाव कम गर्न प्रचलनमा आएको पर्व हो असार १५। त्यो दिन रमाइलो गर्ने, खेतमा अरू बेला श्रम नगर्ने परिवारका सदस्यहरूले पनि अनिवार्य हिलोमा जानैपर्ने हुँदा परिवारको श्रम शक्ति बढ्ने हुन्छ। यो नै असार १५ को महत्व हो। जिउमा हिलो लाग्ला, मैलो भइएला भन्ने डर राखेर एक–दुई गाभा गाड्नु त झन् अपमानको परकाष्ठा नै हो।**

**माटोमा रोपेर फलाउन पर्ने बीउलाई जमराजस्तै माला लगाउने पाखण्डीहरूले धानको बीउको अपमान गरेका हुन्। राष्ट्रिय धान दिवस भनेर कृषक, कृषि अनि अनाजको थप अपमान गर्नुको साटो त्यो दिन साँच्चै धानको, कृषकको अनि कृषिको अभिनन्दन गरेर धान दिवस मनाउने गरौं।**

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# संस्थागत जिम्मेवारीमा कमी



• रामबाबु पौड्याल

बाटोघाटो, पानीपँधेरो, मठमन्दिर, चौतारो, खेतबारी आदिमा बिरुवा रोपी हुर्काउने हाम्रो परम्परा रहेको छ। गोर्खाका राजा रामशाहले राज्य सञ्चालन गर्न २६ वटा थिति बाँधेका थिए। तीमध्ये १३ औं थितिमा बाटो छेउ रुख रोप्नुपर्ने र काट्नेलाई दण्डजरिबाना गर्ने व्यवस्था थियो।

नेपालमा वृक्षरोपण गर्ने कार्य धेरै पहिलेदेखि चलिआएको भए पनि योजनाबद्ध तरिकाले र व्यापक रूपमा भने २०१० सालको दशकबाट सुरु भयो। देशका विभिन्न भागमा वन नर्सरी स्थापना गरी करोडौँका संख्यामा बिरुवा उत्पादन गरी सरकारी र निजी गरी हजारौँ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिसकिएको छ। हुन त उपयुक्त हावापानी र मलिलो माटोका कारण देशका अधिकांश ठाउँमा प्राकृतिक रूपमै बिरुवा उम्री हुर्केका छन् तर यो सबै ठाउँमा सम्भव हुँदैन। चाहेको ठाउँमा चाहेको प्रजातिको छिटो उत्पादन लिन त वृक्षरोपण नै एक मात्र उत्तम उपाय हो।

मानव सभ्यताको विकासमा वन र वनस्पतिको अत्यन्त महत्वपूर्ण भूमिका रहेको छ। वन हाम्रो प्राणरक्षक पनि हो। हामी नरहे पनि वन रहन्छ तर वन नरहे हामी रहन सक्दैनौं। मानिसको जीवनमा रुखबिरुवाको महिमा अपरम्पार छ। रुखबिरुवाले सम्पूर्ण मानव जातिलाई सुख दिने हुनाले नै बुद्धले प्रत्येक मानिसले आफ्नो जीवनकालमा कम्तीमा पाँच वटा रुख रोपी हुर्काउनु पर्छ भनेका थिए।

वनले हामीलाई काठ, दाउरा, घाँस, स्याउला, जडीबुटीलगायत पैदावारका साथै भूक्षय नियन्त्रण, जलवायु परिवर्तन न्यूनीकरण, जैविक विविधता प्रवर्धन, पर्यापर्यटन, प्रदूषण नियन्त्रण, सौन्दर्यीकरण, मनोरञ्जन, मानसिक र शारीरिक स्वास्थ्यमा सुधार, अध्ययन अनुसन्धानलगायत क्षेत्रमा ठुलो योगदान दिन्छ। वनले मानिसको फोक्सोले जसरी चौबिसै घण्टा हावा सफा गरिरहन्छ। साथै, सामाजिक र धार्मिक क्षेत्रमा पनि वनको अहम् भूमिका रहेको छ।

नेपालको अर्थतन्त्रका प्रमुख क्षेत्र कृषि, ऊर्जा, उद्योग, पर्यटनको विकासको आधारस्तम्भका रूपमा वन रहेको छ। देशको ५१ प्रतिशत परिवारले खाना पकाउन अझै पनि दाउरा नै प्रयोग गर्छन्। कृषिप्रधान देश नेपालमा कृषि र वनबिच अन्योन्याश्रित सम्बन्ध छ। नेपालको ४४.७४ प्रतिशत भूभाग वनले ओगटेको छ। वन क्षेत्र क्रमशः बढेको भए पनि देशभर समान रूपमा भने छैन। ग्रामीण पहाडी क्षेत्रमा खास गरी सामुदायिक वन विकास कार्यक्रमको सफल कार्यान्वयन र मानिसको अन्यत्र बसाइँसराइ जस्ता कारणले गर्दा वन क्षेत्र बढिरहेको छ तर सहरी क्षेत्रमा भने हरियाली कम छ। नेपालमा सहरीकरणको स्तर कम देखिए पनि गति तीव्र छ। विभिन्न देशका कतिपय सहर जहाजी दृश्यबाट हेर्दा सुन्दर बगैँचा जस्ता देखिन्छन् तर हाम्रा सहरहरूमा अत्यन्त कम हरियाली रहेको छ।

कतै कतै एकदम साँघुरा फुटपाथमा समेत ठुलो हुने प्रजाति वृक्षरोपण गरिन्छ। कतिपय ठाउँमा स्थान र बिरुवाको गुणको ख्याल नै नगरी जसले पायो त्यसले, जहाँ पायो त्यहीँ, जसरी पायो त्यसरी, जुन पायो त्यही प्रजातिका बिरुवा रोप्नुका साथै रोपणपछि संरक्षण र व्यवस्थापनमा पनि खासै ध्यान दिएको पाइँदैन। वृक्षरोपण र व्यवस्थापनका लागि स्पष्ट संस्थागत जिम्मेवारीको कमीले गर्दा समस्या परेको छ।

सहरी क्षेत्रमा वृक्षरोपण गर्ने जग्गा पनि कम र जनसंख्याको चाप पनि बढी हुने भएको हुँदा अन्य क्षेत्रको दाँजोमा यस्ता क्षेत्रमा बिरुवा रोप्दा विशेष ध्यान पुऱ्याउनु पर्छ। स्थान अनुसार प्रजाति छनोटमा विशेष ध्यान दिनु पर्छ। संरक्षण गर्न र हुर्काउन सहजताका लागि ठुला आकारका बिरुवा रोपिनु पर्छ। कुनै ठाउँमा गलत प्रजाति परेमा फाइदाभन्दा बेफाइदा बढी हुन्छ। त्यसैले 'ठिक ठाउँमा ठिक प्रजाति' रोपिनु पर्छ। साथै बिरुवा रोपेपछि नहुर्केसम्म बच्चालाई जस्तै स्याहारसुसार गरिरहनु पर्छ। सडक छेउका बिरुवाको सुरक्षाका लागि त 'ट्री गार्ड' को पनि व्यवस्था गरिनु आवश्यक हुन्छ। वृक्षरोपण एक प्राविधिक विषय भएकाले प्राविधिक पक्षलाई विशेष ध्यान दिनु जरुरी हुन्छ। सम्बन्धित वन कार्यालय तथा स्थानीय निकायका प्रतिनिधि, वनस्पति विज्ञसहितको एक समिति गठन गरी प्रजाति छनोट, वृक्षरोपण, संरक्षण र व्यवस्थापनको व्यवस्था गरिनु आवश्यक हुन्छ। यो कार्य कुशल योजना, कार्यदिशा, बलियो इच्छाशक्तिसहित तयारी हुनु पर्छ।

ग्रामीण पहाडी क्षेत्रमा वनक्षेत्र बढेको देखिए पनि बहुमूल्य प्रजातिको भन्दा पनि कम महत्वका र झाडीयुक्त वनस्पतिको बाहुल्यता देखिन्छ। त्यसैले छिटो बढ्ने बहुउपयोगी प्रजाति रोप्नु पर्छ। साथै यस वर्ष डढेलोबाट धेरै वन विनाश भएकोले पनि वृक्षरोपणलाई अझ अभियानकै रूपमा सञ्चालन गर्नु पर्छ। वृक्षरोपणमा आवश्यक संख्यामा गुणस्तरीय बिरुवा उत्पादनको सुनिश्चितता हुन जरुरी हुन्छ।

वृक्षरोपणको प्रसङ्ग उठाउँदा सदुपयोगको विषयलाई पनि जोड्नु सान्दर्भिक हुन्छ। वन एक नवीकरणीय महत्वपूर्ण प्राकृतिक सम्पदा हो। पृथ्वीभित्र रहेका पेट्रोल, डिजेल, कोइला जस्ता खनिज पदार्थ जसरी यो सकिँदैन। वृक्षरोपण गरी बिरुवा हुर्काउने र व्यवस्थित तथा योजनाबद्ध तवरले कटान गर्ने हो भने यो कहिल्यै पनि सकिँदैन। अर्को शब्दमा भन्नुपर्दा, उपयुक्त समयमा कटान गर्ने र वृक्षरोपण तथा व्यवस्थापन कार्य एकसाथ गर्दै गएमा वन अक्षुण्ण प्राकृतिक स्रोतका रूपमा रहिरहन्छ। त्यसैले यसलाई नवीकरणीय प्राकृतिक स्रोत भनिएको हो र यसका दिगो व्यवस्थापन प्रणाली पनि विकास भएका छन्।

देशको झन्डै आधा भूभाग ओगटेको वनलाई सुव्यवस्थित, दिगो र बुद्धिमत्तापूर्ण तरिकाले सदुपयोग गर्न सकेमा देशमा काठलगायत वन पैदावारको माग र आपूर्तिमा सन्तुलन आई हाल विदेशबाट हुने आयातलाई प्रतिस्थापन गर्न सकिन्छ। यसबाट देशको अर्बौं रकम विदेश जानबाट जोगिनुका साथै प्रशस्त रोजगारी र आयआर्जनका अवसरसमेत सिर्जना भई देशको समृद्धिमा समेत टेवा पुग्ने छ।

असार १४ गते, राष्ट्रिय वृक्षरोपण दिवस। बर्सेनि वृक्षरोपण गर्नुका साथै प्रचारप्रसारका विविध कार्यक्रम गरी यो दिवस मनाइन्छ। वृक्षरोपण गरी वन वृद्धि गर्नु र वन, वातावरण, जैविक विविधता, पर्यापर्यटन, जलवायु परिवर्तनलगायतका विषयमा जनचेतना अभिवृद्धि गर्नु नै यो दिवसको प्रमुख उद्देश्य हो।

विगत केही दशकदेखि नेपालमा कहिले असार १३ गते, कहिले असार २३ गते र कहिले असार १५ गते वन महोत्सव/दिवस मनाउने गरिएकोमा २०७५ सालबाट असार १४ गते मनाउन थालिएको हो। हाल नेपालमा मात्र नभई विश्वमा नै ख्याति कमाएको सामुदायिक वन विकास कार्यक्रमका आधारस्तम्भका रूपमा रहेका वन ऐन, २०१८ अन्तर्गत पञ्चायती वन र पञ्चायत संरक्षित वन नियमावलीहरू २०३५ असार १४ गते नै नेपाल राजपत्रमा प्रकाशित भएको थियो। त्यसलाई नै आधार मानी यो दिन तय भएको हो।

२०७६ साल असार १४ गते काठमाडौँको चक्रपथको कोटेश्वर-कलङ्की खण्डमा सडकको दायाँबायाँ र बिचमा गरी तीन हजारभन्दा बढीको संख्यामा सौन्दर्यमूलक प्रजातिका बिरुवा रोपिएका थिए। हाल उक्त बिरुवा हुर्केर सो क्षेत्रको सुन्दरता अभिवृद्धि भएको छ। वातावरण मनमोहक बनेको छ।

सरकारी, गैरसरकारी, शैक्षिक, वित्तीय आदि सबै क्षेत्र तथा नागरिक समाज, धार्मिक संस्था, वन उपभोक्ता समिति आदि सबैको संलग्नतामा देशभर उपयुक्त क्षेत्रमा अभियानकै रूपमा वृक्षरोपण गर्न यस दिवसले प्रेरणा दिन्छ। 'त्यो समाज नै समृद्ध हुन्छ, जहाँ बुढाबुढीले आफू त्यो रुखको छहारीमा बस्न पाउँदिन भन्ने जान्दाजान्दै पनि बिरुवा रोप्छन्' भन्ने ग्रिक भनाइ हामी सबैले मनन गर्नुपर्ने देखिन्छ। अतः आजको यो राष्ट्रिय वृक्षरोपण दिवसका अवसरमा वृक्षरोपण गरिएका बिरुवाको संरक्षण र व्यवस्थापन गर्न अभियान नै सञ्चालन गर्नु पर्छ। अनि मात्र 'हरियो वन नेपालको धन' भन्ने उक्तिलाई चरितार्थ गर्न सहयोग पुग्छ।

# आर्थिक समृद्धिको 'बेन्चमार्क'



• रीता भण्डारी

आर्थिक स्तरोन्नति कुनै पनि मुलुकको सपना र दीर्घकालीन लक्ष्य मानिन्छ। आर्थिक स्तरोन्नतिका निश्चित अन्तर्वस्तु हुन्छन्। अथवा धेरै चिजको तारतम्यमा मात्र आर्थिक स्तरोन्नतिको मूल फुट्न सक्छ। मुलुकको भौगोलिक बनावट, प्राकृतिक स्रोतसाधनको उपलब्धता, नेता, नेतृत्व, राज्यको कार्यसंस्कृति, शान्ति सुरक्षाको स्थिति, ऐन, नियमको परिपालना अवस्था आदि तत्वले आर्थिक स्तरोन्नतिको स्तर निर्धारण गर्छ। आर्थिक स्तरोन्नतिको गति तीव्र पार्न तपसिलका अन्तर्वस्तु सबल हुनु वाञ्छनीय हुन्छ।

विधि, पद्धति अनुरूप मुलुक चल्नु, ऐन, कानुन हुबहु लागु हुनु, भ्रष्टाचार निरुत्साहित हुनु नै सुशासन हो। जुन मुलुकमा सुशासन कायम हुन्छ, त्यस मुलुकमा आन्तरिक तथा बाह्य लगानीकर्ता आकर्षित हुन्छन्। लगानीकर्ता आकर्षित हुँदा उत्पादन, रोजगारी र राजस्वमा बढवा मिल्छ। सुशासन कायम नहुनु भनेको भ्रष्टाचारले डेरा जमाउनु हो। विकास निर्माण कार्यमा मोलाहिजा हुनु हो। गुणस्तरहीन कार्यले प्रश्रय पाउनु हो। नेपालको सुशासन काबिल अवस्थामा छैन। यसर्थ आर्थिक समृद्धि चाहने मुलुकले सुशासन मजबुत बनाउने ताकत राख्नु पर्छ।

मुलुकको समृद्धिका लागि बुनिएको सपना नै आर्थिक योजना हो। यसै पनि दूरदृष्टि योजनाबिना आर्थिक विकास असम्भव कुरा हो। आर्थिक समृद्धिको निमित्त कृषि, जलविद्युत्, पर्यटन, आधारभूत उद्योग, पूर्वाधार, मानवविकास जस्ता अर्थतन्त्रका आधार भूत क्षेत्रमा के कस्ता नीति, योजना र कार्यक्रम तय गर्ने, ती क्षेत्र उठानका निमित्त के कस्ता कार्यनीति, रणनीति अङ्गीकार गर्ने आर्थिक योजनमा प्रस्ट चित्र झल्कनु पर्छ। आर्थिक योजनमा सरकारको भूमिका, सरकारबाट उपलब्ध गराइने सेवा सुविधा, ऐन, कानुन, शान्ति सुरक्षा, बैङ्क तथा वित्तीय संस्थाको अवस्था के कस्तो हुने प्रस्ट खुल्नु पर्छ। नेपालमा आर्थिक योजना तय हुने गरे पनि कार्यान्वयन पक्ष फितलो छ। यसर्थ आर्थिक समृद्धिको चाहना राख्ने मुलुकले वैज्ञानिक आर्थिक योजना तयार गरी कार्यान्वयन गर्ने क्षमता वृद्धि गर्न सक्नु पर्छ।

आर्थिक समृद्धिमा काँध थाप्न सक्ने, मुलुकको समष्ठिगत उत्पादन र उत्पादकत्व फराकिलो पार्न सक्ने पौरखी जनशक्ति नै मानव संसाधन हो। मानव संसाधन आर्थिक समृद्धिको जीवन्त साधन पनि हो। पुँजी र प्राकृतिक साधन उत्पादन कार्यमा लगाउन मानव संसाधन सुचालक हो। मानवीय साधनको गुणस्तर, आकार, कार्यक्षमता, संरचना, वृद्धि दर आर्थिक विकासको गति निर्धारक हो। जुन मुलुकले मेहनती, सिर्जनशील, धैर्यवान्, कटिबद्ध र साहसी मानव संसाधन पैदा गर्न सक्छ, त्यस्तो मुलुक अगाडि बढ्न समय लाग्दैन। जापान, चीन, सिङ्गापुर, दक्षिण कोरियाले यस्तै गुणवत्ताको कारण समृद्धि चुम्न सकेका हुन्। नेपालमा मानव संसाधनको समुचित उपयोग हुन सकिरहेको छैन। शिक्षा, तालिम, सिकाइका माध्यमबाट मानव संसाधन चुस्त बनाउन सकिन्छ। यसर्थ मानव संसाधन निखार्नका लागि गुणस्तरीय, व्यावसायिक र वैज्ञानिक शैक्षिक प्रणालीमा जोड दिनु पर्छ।

आर्थिक समृद्धिका लागि आवश्यक पर्ने आधारभूत तत्व अर्थात् बाटोघाटो, रणनीतिक सडक, रेलवे, पुलपुलेसा, सुक्खा बन्दरगाह, बिजुली बत्ती, टेलिफोन, हवाई मैदान, ठुला सिँचाइ आयोजना नै भौतिक पूर्वाधार हो। पूर्वाधार मजबुत हुनु भनेको उद्योगधन्दा कलकारखाना खुल्ने वातावरण सिर्जना हुनु हो। पूर्वाधार मजबुत हुनु भनेको विद्यमान वस्तु तथा सेवा लागत न्यून हुनु हो। वस्तु तथा सेवाको लागत न्यून हुनु भनेको प्रतिस्पर्धात्मक क्षमता बलियो हुनु हो। स्वदेशी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता मजबुत हुनु भनेको, रोजगारी सिर्जना, राजस्व आर्जन, बचत तथा लगानीमा टेवा मिल्नु हो। नेपालमा भौतिक पूर्वाधारको अवस्था अझै नाजुक छ। यसर्थ आर्थिक समृद्धिका निमित्त भौतिक पूर्वाधार क्षेत्रमा लगानी गर्न वा मजबुत भौतिक पूर्वाधार निर्माण गर्न सकस मान्नु हुँदैन।

राज्य सञ्चालनका निमित्त गरिने अनिवार्य दान नै कर हो। आर्थिक समृद्धिका लागि कर प्रणाली, करको दर, करको आयातन महत्वपूर्ण हो। त्यसो त विकासोन्मुख मुलुकमा कर चुहावटको मात्रा अधिक हुन्छ, कर तिर्न रुचाइँदैन। करको औचित्यता सुझाउन नसक्दा करदाता उदासीन बनेका हुन्। नेपालमा कर प्रणाली अझै सुदृढ हुन सकेको छैन। यसर्थ आर्थिक समृद्धि चाहने मुलुकले कर सङ्कलन गर्ने संयन्त्र चुस्त पार्नु पर्छ। सङ्कलित रकम करदाताको हितका लागि उपयोग भइरहेको छ भन्ने पुष्टि गर्न सक्नु पर्छ। कर चुहावटका छिद्र तुनिएको हुनु पर्छ। आयकर लगानीकर्ता अपेक्षाभित्र (१०/१५ प्रतिशत) हुनु पर्छ। करको डालो फराकिलो बनाई डालोमा धेरै भन्दा धेरै करदाता समेट्नु पर्छ।

मुलुको आर्थिक अर्थव्यवस्था सञ्चालन गर्ने निकायको समुच्च रुप नै आर्थिक सङ्गठन हो। आर्थिक समृद्धिको खातिर आर्थिक प्रणाली, अर्थनीति, विकाससम्बन्धी मन्त्रालयहरू, सार्वजनिक वित्त, सुशासन कायम गर्ने निकायको भूमिका अहम् हुन्छ। अल्प विकसित मुलुकमा आर्थिक सङ्गठन नाजुक हुने हुँदा आर्थिक अनुशासन कायम हुन सकिरहेको हुँदैन। हाम्रा आर्थिक सङ्गठनको कार्यक्षमता दारुण अवस्था छ यसर्थ आर्थिक समृद्धिको सपना देख्ने जुनसुकै मुलुकले आर्थिक सङ्गठनका हरेक एकाइलाई चुस्त, दुरुस्त र कामयाव तुल्याउन सक्नु पर्छ।

नयाँ नयाँ उद्योगधन्दा, कलकारखाना, व्यापार व्यवसाय फर्काउनु नै उद्यमशीलता हो। उद्यमशीलताबिना औद्योगिक विकास हुन सक्दैन। तथापि उद्यमशीलता मौलाउनका निमित्त लगानीकर्ताको लगानी सुरक्षा, लगानीकर्ताको जिउधनको सुरक्षा, लगानीकर्ताको सम्पत्तिको सुरक्षा प्रत्याभूत अपरिहार्य हुन्छ। उद्यमशीलताले मार्गप्रशस्त गर्न नसक्दा नेपालले गरिबी झेल्नु परेको हो। यसर्थ आर्थिक समृद्धि चाहने मुलुकले महिनाको ३० दिन ढुक्कसँग व्यापार व्यवसाय गर्न सक्ने वातावरण निर्माण गर्न सक्नु पर्छ। राज्यले लगानीमैत्री कानुन निर्माण गरिदिनु पर्छ।

लगानीयोग्य धनको बढावा नै पुँजी निर्माण हो। यसै पनि पुँजी आर्थिक विकासको सुचालक पनि हो। साधनको उचित उपयोग, उपभोग कटौती, अनिवार्य बचत, घाटा बजेट, सार्वजनिक ऋण सङ्कलन, वैदेशिक ऋण तथा अनुदान प्राप्ति पुँजी निर्माणका विधि हुन्। तथापि पुँजी निर्माण त्यति सहज कुरा होइन, नेपालका लागि त्यो झनै पहाड भइरहेको छ। पुँजी निर्माणका निमित्त आर्थिक क्रियाकलापको बढावा पाएको ठुलो हुनु पर्छ। नागरिकमा फजुल खर्च कटौती र बचत गर्ने बानी बसेको हुनु पर्छ। बचत तथा लगानीका लागि बैङ्क तथा वित्तीय संस्था प्रवर्धिन हुनु पर्छ।

सृष्टिकालदेखि प्रकृतिले निःशुल्क रूपमा पदान गर्दै आएको जल, जमिन, जङ्गल, जडीबुटी, जलवायु, खनिज आदि नै प्राकृतिक साधन हो। कुनै पनि मुलुकलाई प्रकृतिले कुनै न कुनै साधन उपहारस्वरूप सुम्पिएको हुन्छ। प्राकृतिका साधनको उपलब्धताबाट मात्र कुनै मुलुक समृद्ध भइहाल्दैन। किनकि प्राकृतिक साधन स्वयम् सक्रिय साधन होइन। प्राकृतिक साधनले आपसेआप आर्थिक समृद्धिको सुरुवात गर्न सक्दैन। वैज्ञानिक प्रविधि, मानवीय प्रयास र पुँजी लगानीले अपरिहार्य हुन्छ। अफ्रिकी मुलुक कङ्गोकै कुरा गर्ने हो भने प्राकृतिक साधनमा सम्पन्न भएर पनि गरिब हुनुका कारण उपयोग गर्न नसक्नु हो। हामी पनि त्यस्तै अर्को दृष्टान्त हौँ। सिङ्गो अफ्रिका स्रोतसाधनको अभावमा गरिब भएको होइन, सही सदुपयोग गर्न नसक्दा गरिबको बिल्ला भिर्नु परेको हो। यसर्थ आर्थिक समृद्धि चाहने जुनसुकै मुलुकले प्राकृतिक साधनको समुचित उपयोग गर्ने सामर्थ्य जुटाउन सक्नु पर्छ।

# आज असार १५

बर्खाको उत्कर्षको समय हो तर झरिका थोपाहरु कुनै पनि वर्ष सबैतिर समान भने हुँदैनन् । कहाँकहाँ पर्याप्त पानी पर्यो र कता कता पानी नपरेर धानको बीउ नै सुक्यो भन्ने कुराको फेहरिस्त हरेक वर्ष फरक फरक हुने गर्दछ । हरेक वर्षको असार १५लाई राष्ट्रिय धान दिवसका रुपमा पनि मनाउने चलन छ ।

कृषिप्रधान देश नेपाल अहिले आएर वैदेशिक रोजगारदाताहरुको सर्वप्रिय थलो भएको छ र यसको कारण हो कोदालो लिनुपर्ने हातमा पर्न आएको पासपोर्टको मोह । हरेक वर्ष धान दिवसमा दुईवटा कुरालाई मुख्य केन्द्र बनाइन्छ, एउटा कृषिमा आधुनिकीकरण अनि अर्को खाद्यान्न आयातमा न्यूनीकरण । बाँझो खेतबारी राखेर बोराका बोरा चामल, दाल, गहुँ आदि हामी आयात गर्ने गर्दछौं । जुन नेपाली स्वाभिमान अनि कृषिकर्मको आदर्शबिरुद्ध हो भन्दा फरक पर्दैन । हाम्रा माटो अनि खोलाका पानीको घनत्वको गहिराईसम्म उत्पादकत्व अनि पौरख लुकेको छ ।
हुन त, नेपालको कुल धान खेती हुने करिब २१ प्रतिशत क्षेत्रफलमा मात्र सिंचाई सुविधा उपलब्ध रहेको तथ्यांकले बताउँदछ तर आकाशे पानी अनि रसिलो माटोका कारणले अन्य भूमि पनि धान खेतको प्रतिकुल नै भने छैनन् । अब राष्ट्रिय धान दिवसमा नेपाली हरुमा कृषिकर्मप्रतिको एउटा अठोटको खाँचो छ।

छुपुमा छुपु हिलोमा धान रोपेरै छाडौंला
बनाई कुलो लगाई पानी आएर गोडौंला

यो गोड्ने, पानी लगाउने अनि उब्जा गर्ने साहस हामी सबै नेपालीहरुमा हुन जरुरी छ । जसरी असारे १५ मा स्वदेश बिदेश जता भएका नेपालीजनले पनि दहिच्यूरा खाने गर्दछन् त्यस्तै दहिच्यूरासंगै कृषिकर्ममा आत्मनिर्भरता र माटो खोस्रने साहस आजको दिनले मागेको छ । अब जीवन धान्ने कृषि हैन व्यवसायिक कृषि गर्ने दिन आएको छ । चामल आयात हैन, निर्यातमा उच्चकोटीको देश भनेर नेपाल चिनिने समय आएको छ । इतिहास पल्टाएर हेर्दा १९७० को दशकअघि नेपाल विश्वका थोरै मात्र चामलका निर्यातकर्ता देशहरुमा गनिने पाइन्छ भने गएका केही दशकमा हामी सर्वाधिक आयातकर्ता भएका छौं । हामी आयात धेरै र निर्यात कम भएकाले व्यापार घाटा सहन गरिरहेका छौं र बेलैमा कृषिकर्ममा ध्यान नदिने हो भने यसको परिणाम भविष्यका पुस्ताले भोग्नेछन् । दुई छाक खान र केही मानो बाँड्न सबै नेपालीलाई पुगोस् । माटोको जय होस् । धान दिवसको शुभकामना ।

दही चिउरा खाने दिन
खेतहरुमा रोपाइँका लागि पानी कत्तिको जम्मा छ त ?
डल्लाहरु फुटाइए त ?
माटो सम्याईयो ?
यसपाला के ले जोत्दै हुनुहुन्छ ?
हल गोरु नै छन् या ट्रयाक्टरले ?
खेतालाहरु पाइन्छ त ?
अनि धानको बीउ चाहिँ कत्तिको फस्टाएको छ ?

अरु धेरै प्रश्नहरु छन् है कृषिप्रधान देशका कृषिप्रेमी नेपालीहरुलाई सोध्नुपर्ने । कुन धान रोप्दै हुनुहुन्छ ? कान्छी मन्सुली, बास्मती, घैया, करियाकामत, बगडी या अरु नै कुनै । असारको १५ को रौनकमा स्वागत छ , यसबर्ष पनि अरु बर्षहरु जस्तै काला बादलका मेघमलाहार , हिलो अनि हरियोका साथ असार आइपुगेको छ ।असार अर्थात बिक्रम संवतको तेस्रो महिना, शाब्दिक अर्थ केलाउने हो भने असार ईरान भन्ने देशको लोरेस्टान जिल्लाको एउटा कृषिप्रधान गाउँ हो । स्मरण रहोस् नेपाली शब्दकोषमा ईरानी शब्दहरु आयामेली शब्दका रुपमा हामीले धेरै प्रयोग गर्दछौ, यस अर्थमा ईरान र देवनागिरी लिपीसँग पुरानो सम्बन्ध रहेको पुष्टि हुन्छ, असार शब्दको पृष्ठभूमिले पनि एउटा प्रमाण ईरानतर्फ देखाएको छ । अर्कोतर्फ ईस्लाम धर्ममा दिनहुँ गरिने ५ प्रार्थनामध्ये एउटालाई अस्र भनिन्छ । ईजिप्ट भन्ने देशमा चाहिँ मृत्युका देवतालाई ओसरिस असार भनिने रहेछ।
जे होस् असारलाई बुझ्न हामीले शब्दको शल्यक्रिया गरिरहन जरुरी छैन, धान रोप्ने अनि मानो खाएर मुरी उब्जाउने यस महिना कृषिकार्यका लागि बिशिष्ट छ ।

असारको १५ लागेपछि बादलहरु पूर्णरुपले परिपक्व भएर पानीका धाराहरु बर्षाउँदछन्, माटोहरु पानीमा रुझेर हिलोको स्वरुमा कमलो हुन्छन् अनि तिनै कमलो माटोमा हामीले छुपुछुपु धानका बिरुवाहरु रोप्दछौ । यसैकारणले पनि होला असारको १५ लाई राष्ट्रिय धान दिवसका रुपमा मानिन्छ । सकेसम्म आज एकफेर धानको बिरुवा अनि हिलोसँग पौंठेजोरी खेलेर हेरौ, नेपाली परिवेशको जीवनशैली प्रकृति र माटोसँग अत्यन्त निकट छ ।
हिलोसँग खेल्दै, पानीसँग पौंठेजोरी खोज्दै खेतका आलीमा चप्पल खोलेर खेतभित्र छुपुछुपु धान रोप्न छिरेका खेतालाहरुको खाजा पनि खेतमै ल्याइदिने चलन छ । तराईतिर यसरी खेतमा खेतालालाई लगिदिएको खाजालाई जलखाई भनिन्छ, सामान्यतया जलखाईमा गहुँको पिठोको मोटो रोटी र नुन तेल खोर्सानी अचार आदि लगिदिने चलन छ । तराईतिर खेतका मालिक आफैं धान रोपाइँमा खेत आईपुगे भने सबैजना खेतालाले जग्गाधनीलाई हिलो छ्यापेर भगाउने चलन छ ।
आषाढ महिनाको सामाजिक र आर्थिक मात्र नभईकन साहित्यिक महत्व पनि उत्तिकै रहेको छ । आषाढे महिनामा पानी पर्यो रुझाउने, आषाढे मासमा धान रोपेभैँ बिभिन्न रोमाञ्चक र जनमानसमा प्रचलित गीतहरु पुस्तौंदेखि आषाढको सेरोफेरोमा लेखिएका र गाइएका छन् ।तथापि पहिले पहिलेजस्तो रोपाइँका गीतहरु खेतमा लाम लागेर धान रोप्दै सामूहिक रुपमा गीत गाउँदै गरिने धेरै कम मात्र पाईन्छ । यस्ता गीतहरु धान रोप्दै गाइने भएकाले सरल र सुस्तरी गाइन्छ, जसले गर्दा काम गर्ने खेतालाहरुले थकान बिर्सेर धेरैबेरसम्म रमाइलो गर्दै काम गर्न सक्दछन् ।
यस्ता रोपाइँहरुको मध्यमा पर्ने आषाढे पन्ध्र एउटा व्यस्तताबिच थकाई मारिने चाड हो, दहि, च्यूरा, आँपलगायतका परिकार हरुले यस दिनलाई अझ बिशेष बनाउने भएकाले नै होला आषाढे पन्ध्रलाई दहिच्यूरा खाने दिन पनि भनिन्छ । घरमा दुहुनो गाई या भैंसीको दुध आफैले जोरन हाली जमाएर बनाएको दहि अनि ढिकी या ओखलमा कुटेको धानको चिउरालाई सरोवरी बोता या दुनाटपरीमा राखी दहिको तरल पदार्थ टपरीबाट नझरोस् भन्दै सन्तुलन मिलाएर खाएको दहि चिउराले संसार बिर्साउँदछ ।
आषाढेको झरिले धानको रोपाइँ राम्रो होस्, त्यो झरिको पानीले हाम्रो दुःख कष्ट पनि बगाओस् अनि धानको बीउसँगै एकअर्कासँग माया प्रेम र सद्भावको पनि बिजारोपण गर्न सकौं, माया बढिरहोस् ।
घरका छानाहरु पानीका थोपाले बजिरहँदा आशाको सन्देश अनि मायाको प्रवाह होस्, चुहिने छानाहरु टालिदै जाऊन् अनि तुहिने सपनाहरु जागृत हुँदै जाऊन् ।

# कमलमा अपाङ्गता पुनःस्थापना कार्यक्रम

दमक(प्रस) । झापाको कमल गाउँपालिकामा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालनका लागि करुणा फाउण्डेसनसंग द्विपक्षीय संझौता भएको छ । जन्मजात तथा जन्मपश्चात् हुने अपाङ्गता न्यूनीकरण एवम् अपाङ्गता भएका व्यक्तिहरुसहितको समावेशी समाज निर्माण गर्ने उद्देश्यले गाउँपालिका र करुणा फाउण्डेसनबीच शुक्रबार




संझौता भएको हो ।
संझौतापत्रमा हस्ताक्षर गर्दै गाउँपालिका अध्यक्ष हुकुमसिंह राईले गाउँपालिकाको सीमित बजेटले नागरिकका अपेक्षा पुरा गर्न कठिनाई भएको बताए । पालिकाको विकास र नागरिकका विकासका अपेक्षा पुरा गर्न तीनै तहका सरकारका साथै अन्य गैरसरकारी संघ संस्थाहरुको समेत सहकार्य आवश्यक रहेको अध्यक्ष राईले जोड दिए ।
कार्यक्रममा गाउँपालिका उपाध्यक्ष प्रमिला तिवारी न्यौपानेले कार्यक्रमलाई सफल बनाउन गाउँपालिकाको सम्पूर्ण टिम नै लागिपर्ने बताइन् ।
कमल गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गरिसकिएको जानकारी दिँदै उपाध्यक्ष तिवारीले अब कमल गाउँपालिकाले प्रदेशकै पहिलो आपाङ्गमैत्री गाउँपालिका बनाउने अभियानमा अघि बढ्ने बताइन् ।
संझौतापत्र हस्ताक्षर कार्यक्रममा कमल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार शाक्यले करुणा फाउण्डेसनसंगको सहकार्यमा सञ्चालन गरिने कार्यक्रमले गाउँपालिकामा अपाङ्गता भएका बालबालिकाको जन्म घटाउन सहयोग पुग्ने बिश्वास ब्यक्त गरे । अपाङ्गता भएका बालबालिकाको जन्मदर घटाउनुका साथै अपाङ्गता भएका व्यक्तिहरुको जीवन सहज बनाउन पनि कार्यक्रम प्रभावकारी बन्ने उनले बताए ।
कोशी प्रदेश सरकार, कमल गाउँपालिका र फाउण्डेसनको संयुक्त आर्थिक लगानीमा कार्यक्रम सञ्चालन हुने संझौतापत्रमा उल्लेख छ । अपाङ्गता भएका व्यक्तिहरूको संस्था समूह गठन र उनीहरूको सशक्तिकरण, जनचेतना साथै पहुँचयुक्त भौतिक संरचना र वातावरण तय गर्नका लागि राष्ट्रिय अपाङ्ग महासंघको प्रदेश समिति र गाउँपालिकाका सबै वडामा अपाङ्गता भएका व्यक्तिहरूको संस्थाको सहयोग तथा सहजीकरण गर्ने, गाउँपालिकाले कार्यक्रम अवधिभर सार्वजनिक भवनहरू तथा स्थलहरूलाई सबैको पहुँचयुक्त बनाउने र आफ्नो पालिकालाई पहुँचयुक्त स्थानीय तह घोषणाको लागि पहलकदमी लिने संझौता गरिएको बताइएको छ ।
प्रथम पक्षले संझौताबमोजिम कार्यक्रमको अवधि सकिएपछि प्रदेश सरकार, संघीय सरकार तथा अन्य साझेदारहरुको सहयोगमा कार्यक्रमलाई निरन्तरता दिने भएको छ ।करुणा फाउन्डेसनका निर्देशक योगेन्द्र गिरीले कार्यक्रममा अपाङ्गता भएका बच्चा जन्मन नदिनकालागि बच्चा जन्माउन इच्छुक दम्पतीलाई फोलिक एसिड खान लगाइने र बच्चा जन्मेपछि २९ दिन भित्र स्वास्थ्य परिक्षण गरिने जानकारी दिनुभयो । १० वर्ष मुनीका सबै बालबालिकाको हरेक वर्ष स्वास्थ्य परिक्षण गरेर उनिहरुको अवस्था अनुसार स्वास्थ्य र पोषणमा आवश्यक काम गरिने सम्झौतामा उल्लेख रहेको छ ।

# कनकाई रोडको निर्माण १० दिनमा सम्पन्न हुने

बिर्तामोड(प्रस) । बिर्तामोड नगर प्रमख पवित्रा महतारा प्रसाईले वडा नम्बर ५ स्थित कनकाई रोडको अनुगमन गरेकी छन् । ईलाम स्टेन्डदेखि सुब्बा चोकसम्मको सडकखण्डमा आरसिसी नाली, स्ल्याब तथा पेवर्स लगाउने काम धमाधम भइरहेकोले नगर प्रमुख प्रसाईले बिहीवार ईन्जिनियरसहितको टोली लिएर अनुगमन गरेकी हुन् । अनुगमनमा नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, वडाध्यक्ष रोहित प्रसाईलगायत स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरुको पनि सहभागिता रहेको थियो । आगामी १० दिनभित्रमा सम्पन्न गर्ने गरी २ खण्डमा काम धमाधम भइरहेको छ ।
ईलाम स्टेन्डदेखि नेपाल टेलिकमसम्मको १ सय ८५ मिटर कनकाई निर्माण सेवा र टेलिकमदेखि सुब्बा चोकसम्म ४ सय ६ मिटर आचार्य निर्माण सेवाले ठेक्का लिएर काम गरिरहेका छन् । सडक ७ मिटर चौडाईको रहेको छ । दुवै खण्डमा नाला निर्माण सकेर पेवर्स लगाउने काम सुरु भएकोले चाँडै काम सम्पन्न हुने वडाध्यक्ष रोहित प्रसाईले बताए ।
सघन शहरी तथा भवन निर्माण कार्यालय भद्रपुरबाट कनकाई निर्माण सेवाले ८० लाख र आचार्य निर्माण सेवाले १ करोड ५० लाख रुपैयाँमा कामको ठेक्का लिएका हुन् ।

# आइतबारसम्म देशभर पानी पर्ने

झापा(प्रस) । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले शुक्रवारदेखि मनसुन थप सक्रिय हुने जनाएको छ ।
शुक्रवारसाँझ मनसुन विशेष मौसम बुलेटिन सार्वजनिक गर्दै महाशाखाले वर्षा बढ्ने भएकाले पूर्व तयारी र आवश्यक सतर्कता अपनाउन भनेको छ । केही दिन मनसुनको न्यून चापीय रेखा पूर्ण रूपमा विकसित भई सरदर स्थानभन्दा उत्तरतर्फ (नेपाल नजिक) अवस्थित रहने देखिएकाले आगामी केही दिन नेपालमा मनसुन थप सक्रिय हुने महाशाखाले जनाएको हो ।
महाशाखाकी मौसमविद् प्रतिभा मानन्धरले शुक्रवारदेखि देशैभर मौसम बदली भई, हल्कादेखि मध्यम वर्षा हुने, केही क्षेत्रमा भारी



वर्षाको सम्भावना रहेको जानकारी दिइन् । उनका अनुसार मनसुनी वायुको प्रभावले शुक्रवारदेखि असार १६ गते आइतबारसम्म देशभर साधारणदेखि पूर्णतया बदली रही देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । गण्डकी प्रदेशका केही स्थानमा, कोसी, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा तथा मधेस र कर्णाली प्रदेशका एक–दुई स्थानमा मेघगर्जन चट्याङसहित भारी वर्षाको सम्भावना छ । गण्डकी र लुम्बिनी प्रदेशको एक–दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको बुलेटिनमा उल्लेख छ ।
महाशाखाले शुक्रवारदेखि आइतबारसम्म मेघ गर्जन चट्याङ, भारी वर्षा, भूक्षय, पहिरो, सहरी तथा तराई क्षेत्रमा डुबानको जोखिम, नदी र खोलामा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवन, सडक तथा हवाई यातायातसमेत प्रभावित हुनसक्ने भएकाले सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ ।
मनसुनी प्रणालीलाई मौसम पूर्वानुमान महाशाखाले निरन्तर अनुगमन गरिरहेको छ । सोहीअनुसार नियमित रूपमा अद्यावधिक गर्दै जाने जनाएको छ । महाशाखाले दैनिक रुपमा सबैलाई अद्यावधिक मौसमी सूचनाको जानकारी लिन र यस महाशाखाबाट जारी हुने तीन दिने मौसम पूर्वानुमान बुलेटिन नियमित हेर्न अनुरोध गरेको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा


सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल

काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने